फोन :- ०८२५२३०७८
:- ०८२५२०२००

# उच्च सरकारी वकिल कार्यालय

तुलसीपुर, दाङ

पत्र संख्या :२०७७/०७८

च.नं. : १८४४

मिति :-२०८०।०३।२९

बिषय : निर्णयको प्रतिलिपी पठाईएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ, काठमाण्डौं ।

उपरोक्त सम्बन्धमा मिति २०८०/०३/२९ गते यस कार्यालयका कार्यालय प्रमुख सहन्यायाधिवक्ता श्री मोहन सागर बश्याल ज्यूको अध्यक्षतामा बसेको कर्मचारीहरुको मासिक बैठकमा भएका निर्णयहरुको प्रतिलिपी पाना ३ यसै पत्रसाथ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

सहायक न्यायधिवक्ता

(टिका कुमारी रोका (के.सी))
सहायक न्यायधिवक्ता

आज मिति २०८०।०३।२९ गतेका दिन उच्च सरकारी वकील कार्यालय तुलसीपुरका कार्यालय प्रमुख एवं सहन्यायाधिवक्ता श्रीमान मोहन सागर बढ्याल ज्यूको अध्यक्षतामा देहायका कर्मचारीहरुको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

सहन्यायाधिवक्ता श्री मोहन सागर बढ्याल

उपन्यायाधिवक्ता श्री चन्द्र बहादुर खिंजली

सहायक न्यायाधिवक्ता श्री खुम बहादुर कुँवर

सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका (के.सी.)

नायब सुब्बा श्री भुपेन्द्र जंग शाही

नायब सुब्बा श्री तेज कुमार पाण्डेय

नायब सुब्बा श्री गोविन्द थापा

खरिदार श्री प्रविण प्रसाद

ह. स. चा. श्री परशु नन्दन चौधरी

का. स. श्री महेश चौधरी

का. स. श्री बुद्धिराम चौधरी

का. स. श्री रिता रिजाल

का. स. श्री विपिन बली

छलफलका लागि प्रस्तुत एजेण्डाहरुः-

१. मासिक तथा वार्षिक कार्य समिक्षा सम्बन्धमा ।

२. आगामी आर्थिक वर्षको वार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा

३. जिन्सी निरिक्षण समिति सम्बन्धमा ।

४. विविध ।

**प्रस्ताव नं. १ मा छलफल गर्दा** कार्यालयमा सबै कर्मचारीहरु कार्यालय पोशाकमा समयमै उपस्थित भै आ-आफ्नो जिम्मेवारीको काम कारवाही र माथिल्लो निकायबाट प्राप्त निर्देशनहरु ईमान्दारीसाथ पालना गर्नेगरेको, कार्यालय परिसरको सरसफाई पनि नियमित रुपमा हुदै आएको, प्रशासनिक फाईलहरु पनि व्यवस्थित रुममा अभिलेखिकृत गरिएको, मिसिलहरु चुस्त दुरुस्त रुपमा राखि मुद्दा व्यवस्थापनलाई प्रभावकारी बनाउने काम भएको देखियो । सो कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिई अझ व्यवस्थित गर्ने गराउने निर्णय गरियो । साथै यस अघि भएका निर्णयहरु कार्यन्वयनको सन्दर्भमा सबै कर्मचारीहरुले कर्तव्यनिष्ठ भइ इमान्दारितापूर्वक आ-आफ्नो जिम्मेवारी पुरा गर्ने गराउने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७८/०७९-२०८२/०८३) अन्तर्गत यस कार्यालयको आ. व. २०८०/०८१ को वार्षिक कार्ययोजना समेत तयार पारी महान्यायाधवक्ताको कार्यालयमा स्वीकृतिको लागि पठाई सकिएकोले सो वार्षिक कार्ययोजना स्वीकृत भई आएपश्चात उक्त कार्ययोजना बमोजिमका कृयाकलापहरु तदारुकताकासाथ निर्धारित समयमै कार्यान्वयन गर्ने/गराउने । सो प्रयोजनकालागि यस कार्यालयकामा रहेको प्रशासन, योजना तथा कानूनी राय शाखा अन्तरगत गठन गरिएको योजना कार्यान्वयन समितिको सदस्यको रुपमा सहायक न्यायधिवक्ता खुमबहादुर कुँवर, ना.सु. भूपेन्द्रजङ्ग शाही, ना.सु. गोविन्द थापा समेत रहने गरी सामान्य हेरफेर गरी जिम्मेवारी दिइयो ।

महान्यायाधिवक्ताको कार्यालयले तोकिए अनुरुपको परिमार्जित मुद्दा दायरी रजिष्ट्ररहरु तुरुन्त कार्यान्वयनमा ल्याई मुद्दा व्यवस्थापनलाई अझ बढी चुस्त दुरुस्त र व्यवस्थित बनाउने, महान्यायाधिवक्ताको कार्यालयको च. नं. ६८२६ मिति २०८०/०३/२४ को पत्रमा उल्लेखित निर्धारित फाराम ढाचा अनुरुपको समयमै यस कार्यालयको मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी पठाउने र मातहत कार्यालयहरुबाट प्राप्त प्रतिवेदनहरु महान्यायाधिवक्ताको कार्यालयाबाट तोकिएको ढाँचामा भए नभएको र तथ्यांक मेल खाए नखाएको सम्बन्धमा एकिन गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने, सो सम्बन्धमा नियमित रुपमा कामकारवाही भईरहेको भएतापनि अव बाँकी कामलाई यथासिघ्र सम्पन्न गर्न प्रशासन फाँटबाट सम्बन्धित फाँटवालालाई आवश्यक सहयोग र सहजिकरण गर्ने निर्णय गरियो ।

वार्षिक कार्ययोजना एवं एकिकृत कार्यसंचालन कार्यविधी, २०७८ लाई पूर्णता दिन यस कार्यालयमा रहेका शाखाहरुमा रहने भनिएका कर्मचारीहरु हेरफेर भएको अवस्थालाई मध्यनजर गरी तपसिल बमोजिमका शाखामा रहने शाखा प्रमुख र कर्मचारीहरुको सामान्य हेरफेर गरि अन्यको हकमा यथावत राख्ने निर्णय गरियो ।

प्रशासन योजना तथा कानूनी राय शाखाः उपन्यायाधिवक्ता श्री चन्द्रबहादुर सिंजाली, सहायक न्यायाधिवक्ता श्री खुमबहादुर कुँवर र ना.सु. श्री भूपेन्द्रजंग शाही

कसूर पीडित तथा साक्षी संरक्षण र हिरासत अनुगमन शाखाः सहायक न्यायाधिवक्ता श्री खुमबहादुर कुँवर र ना.सु. श्री गोविन्द थापा

साइवर सुरक्षा र सूचना संचार प्रविधि शाखाः उपन्यायाधिवक्ता श्री चन्द्रबहादुर सिंजाली, ना.सु. श्री भूपेन्द्रजंग शाही र सहायक कम्प्युटर अपरेटर दिक्षा गुरुङ्ग

पुस्तकालय शाखाः ना.सु. श्री गोविन्द थापा र खरिदार श्री प्रविन प्रसाद

दर्ता चलानी तथा सोधपुछ फाँटः खरिदार श्री प्रविन प्रसाद

प्रस्ताव नं. ३ मा छलफल गर्दा आ. व. ०७९/०८० को जिन्सी निरिक्षण गरी प्रतिवेदन समेत पेश गर्ने प्रयोजनका लागि आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) बमोजिम यस कार्यालयका सहायक न्यायाधिवक्ता श्री खुमबहादुर कुवंरको संयोजकत्वमा देहायका कर्मचारीहरु समेत रहने गरी जिन्सी निरिक्षण समिति गठन गरियो । यस समितिलाई समयमै काम सम्पन्न गर्न कार्यालय प्रमुखबाट कार्यदिश प्रदान गरियो ।

सहायक न्यायाधिवक्ता खुमबहादुर कुवंर - संयोजक
नायब सुब्बा भुपेन्द्र जंग शाही - सदस्य
नायब सुब्बा तेजकुमार पाण्डे - सदस्य

**प्रस्ताव नं. ४ मा** छलफल गर्दा यस कार्यालयमा करार सेवामा रहेका कर्मचारीहरुलाई आगामी आर्थिक वर्षको लागि समेत यस कार्यालयको करार सेवामा राख्नुपर्ने हुँदा निज कर्मचारीहरुको हकमा मिति २०८०।०४।०१ बाटै करार सहमति प्रदान गर्नका लागि तुरुन्त महान्यायाधिवक्ताको कार्यालयमा लेखि पठाइ निकासा भए बमोजिम गर्ने साथै मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुलाई यस प्रकारको करार सेवा सहमतिका यहि असार मसान्तभित्रै महान्यायाधिवक्ताको कार्यालयमा माग गरि पठाउनु भनि पत्राचार गर्ने ।

मिति २०८० असार ११ को राजपत्र खण्ड ७३) संख्या १४ भाग ५ मा प्रकाशित सूचना बमोजिम अब उप्रान्त आफ्नो इलाका भित्रको बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिमको कसूर सम्बन्धी मुद्दाहरुमा सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकार रहने एवं उच्च अदालत अन्तर्गत वाणिज्य इजलासमा दायर भइ छिन्न बाँकी रहेका त्यस्ता मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा सार्ने भन्ने उल्लेख भएकाले यस कार्यालयमा प्रतिरक्षाको लागि लेखि आएका त्यस्ता मुद्दाहरुको दायरी लगत कट्टा गरी मिसिल कागजातहरु सम्बन्धित मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुमा फिर्ता पठाउने ।

त्यसैगरी मिति २०८०/०३/२५ गतेको राजपत्र खण्ड ७३) संख्या १७ भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना एवं उक्त कार्यालयको च. नं. ३०९५ मिति २०८०/०३/२६ को अधिकार प्रत्यायोजन भए बमोजिम गर्ने गराउने सम्बन्धी पत्र अनुसार आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान सम्बन्धी मुद्दा वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दामा मिति २०८०/०४/०१ गते देखि नै लागू हुने गरी मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकीलले गर्नेगरी तोकी आएकाले प्रस्तुत सूचना प्रकाशन हुनुपूर्व नै मुद्दा नचलाउने निर्णय निकासाका लागि यस कार्यालयमा प्राप्त हुन आएका प्रयाप्त हदम्याद रहेको समेतका कारणले असारमसान्तभित्र यस कार्यालयबाट निर्णय निकासा हुन नसकी बाँकी रहेका मिसिलहरु जिल्ला सरकारी वकील कार्यालयको प्रमुखले नै अन्तिम निर्णय गर्नु भनि यथासिघ्र सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयहरुमा फिर्ता पठाउने निर्णय गरियो ।

२०८०/३/२५